**नेपाल महाभूकम्प २०७२ अपडेट : २३औं दिन**
**मिति : ०७२ जेठ ३**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,५८३
घाइते : १६,८०८

## दीर्घकालीन योजनाको आवश्यकता

भूकम्पपीडित तथा राहत वितरणको अवस्था अनुगमन गर्न सरकारले गठन गरेको उच्चस्तरीय टोलीले सामान्य प्रशासन मन्त्रीलाई हिजो आफ्नो प्रतिवेदन बुझाएको छ । उक्त टोलीको प्रतिवेदनमा सुगम क्षेत्रमा राहत सामग्री दुरुपयोग भइरहेको र दुर्गम क्षेत्रमा भने राहत पुग्दै नपुगेको तथ्य प्रकाशन भएको छ । टोलीले वैशाख २९ गतेदेखि दोलखा, सिन्धुपाल्चोक, काभ्रेलगायतका जिल्ला भ्रमण गरेर उक्त निष्कर्षमा पुगेको हो ।

राहत सामग्री यातायात सुविधा पुगेको ठाउँमा मात्र पुऱ्याइने, दुर्गम क्षेत्रमा नपुऱ्याइएको विषयमा इन्सेक प्रतिनिधिहरूले जिल्लाका सरोकारवालाहरूको ध्यानाकर्षण गराउँदै आएका छन् भने इन्सेक अनलाइनमा पनि त्यस्ता सूचनालाई अग्रस्थान दिइने गरिएको छ ।

उद्धार कार्य लगभग समाप्त भई पहिलो चरणको राहतसमेत वितरण भइसकेको भनिए तापनि योजनाबद्ध तवरले विपद् व्यस्थापन नभएका कारणले भविष्यमा थप चुनौती देखिने सम्भावना बढ्दै गएको छ । इसिमोडलगायतका वातावरण क्षेत्रमा काम गर्ने संस्थाहरूले गरेका अध्ययन अनुसार भूकम्पका कारण भित्री तहमा विखण्डन भएकोले नेपालले मनसुन आरम्भ भएलगत्तै भूक्षयको सामना गर्नुपर्ने आशङ्का देखिएको छ । बढ्दो तापक्रमका कारण हिमतालहरूमा आउने परिवर्तनले पनि बाढीको खतरा बढ्ने सङ्केत ती अध्ययनमा गरिएको छ ।

भूकम्पबाट पीडित हुनेमा महिलाहरूको सङ्ख्या ९ प्रतिशत बढी रहेको प्रारम्भिक तथ्याङ्क रहेको छ । प्रजनन स्वास्थ्यका दृष्टिले पनि महिलाहरू पीडित भएका छन् । पीडित सुत्केरी र गर्भवती महिलाहरू वासस्थानको समेत अभावका कारण त्रिपालमुनि रात बिताउन बाध्य हुनुपर्ने अवस्था सिर्जना भएको छ । मकवानपुरमा मात्र १ हजार भन्दा बढी यस्ता महिलाहरू छन् । तीमध्ये १३ जना शिशुहरूको जन्मअघि नै मृत्यु भइसकेकाले आमाको स्वास्थ्यमा पनि प्रतिकूल प्रभाव परेको छ ।

भूकम्पका कारण बर्थिङ् सेन्टर लगायतका संस्थाहरूका भवनमा क्षति पुगेकाले प्रसूती सेवा पाउन कठिन रहेको अवस्थामा जोखिममा रहेका यस्ता महिलाहरूका लागि सङ्कटकालीन उद्धार तथा सहयोगका लागि बेग्लै कायक्रम तय गर्नु पर्ने आवश्यकता देखिएको छ ।

### उल्लेख्य

- संसद्को राष्ट्रिय विपत् व्यवस्थापन अनुगमन तथा निर्देशन समितिको निर्णयअनुसार खटिएको चार सदस्यीय टोलीले ओखलढुङ्गामा अनुगमन आरम्भ गरेको छ । यसैगरी ललितपुरमा पनि संसदीय समूहले जेठ २ गतेबाट अनुगमनको काम थालेको छ ।
- जिल्ला शिक्षा कार्यालय खोटाङले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा थप १ लाख १९ राहत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गरेको छ । जिल्ला शिक्षा कार्यालयले यसअघि उक्त कोषमा ६० लाख ६१ हजार जम्मा गरिसकेको थियो ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- दाङका मुक्त कम्लरीहरू आफूले खाने एक छाक काटेर १५ क्वीण्टल चामल लिएर जेठ २ गते साँझ भूकम्प प्रभावित क्षेत्र सिन्धुपाल्चोक हिँडेका छन् । यसैगरी भूमिहीनहरूले पनि मुठी माना चामल सङ्कलन गरी भूकम्प पीडितलाई राहत वितरण गरेको जिल्ला भूमि अधिकार मञ्चकी अध्यक्ष निर्मला विकले बताइन् ।
- वैशाख १२, १३ र २९ गते गएको विनाशकारी भूकम्पबाट इलामका ९९ वटा सामुदायिक विद्यालय क्षति पुगेको छ । यी विद्यालयहरूमा करिब ४ करोड ९५ लाख २५ हजार रुपियाँ बराबरको क्षति भएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ ।
- वैशाख १२ गते आएको विनाशकारी भूकम्पका कारण ललितपुरको आश्राङ र गिम्दीका प्रहरी चौकी क्षतिग्रस्त भएपछि गिम्दीमा कार्यरत प्रहरी नारायणी माविको नवनिर्मित भवनमा र आश्राङमा कार्यरत प्रहरी त्रिपालमा छन् ।
- वैशाख १२ गते गएको विनासकारी भूकम्प पीडितको सहयोगार्थ बाजुरा जिल्लामा सङ्कलित १९ लाख ६२ हजार ९ सय १० रुपियाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको जिल्ला प्रशासन कार्यालयले जानकारी गराएको छ ।
- यसैगरी सुर्खेतस्थित विभिन्न सरकारी, गैरसरकारी संघसंस्था र व्यक्तिबाट संकलित ३१ लाख ५२ हजार २ सय ९ रुपियाँ प्रधानमन्त्री राहतकोषमा जम्मा गरिएको छ । जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत प्रधानमन्त्री दैवी उद्धार कोषमा सो रकम जम्मा गरिएको जिल्ला प्रशासन कार्यालय सुर्खेतले जानकारी दिएको छ ।
- वैशाख १२ गते गोरखाको बारपाकलाई मुख्य केन्द्रबिन्दु बनाएर गएको भूकम्पपछि जिल्लाभर ४ सय ३० जनाको मृत्यु भएको छ । भूकम्पपछि अझै २४ जना हराइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बेपत्ता भएकाहरू सबैको मृत्यु भइसकेको हुन सक्ने अनुमान गरिएको छ ।
- दैलेख जिल्लामा २ सय ३७ भौतिक संरचनामा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय दैलेखले जानकारी दिएको छ ।
- वैशाख १२ र २९ गते गएको भूकम्पका कारण दाङमा २ सय सामुदायिक विद्यालयमा क्षति पुगेको जिल्ला शिक्षा कार्यालय दाङले जनाएको छ । जेठ ३ गतेसम्मको तथ्याङ्कअनुसार आठ वटा विद्यालयमा पठनपाठन प्रभावित भएको छ ।
- भूकम्पको कारण जेल भवन जोखिमपूर्ण भएकाले जीवन रक्षा गरिदिन धनकुटाका कैदीबन्दीका आफन्तले स्थानीय प्रशासनसँग माग गर्दै जेठ ३ गते ६८ जना कैदीबन्दीका आफन्तहरूले धर्ना सहित ज्ञापन-पत्र बुझाएका छन् ।
- रामेछाप जिल्लामा हालसम्म ४७ हजार ४ सय ५३ घरहरू पूर्णरुपमा ध्वस्त भएको विवरण प्राप्त भएको छ । वैशाख १२ र १३ गएको भूकम्पका कारण २२ हजार ७ सय १ घरधुरी पूर्णरूपमा ध्वस्त भएकोमा वैशाख २९ गतेको भूकम्पले क्षतिग्रस्त घरहरूको सङ्ख्या बढेर ४७ हजार ४ सय ५३ पुगेको जिल्ला दैवी प्रकोप उद्धार समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद मरासिनीले बताए ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline